

■ देवेन्द्र उप्रेती

# भाषा-पाठशालाको संख्या विवाद

**देवशमशेरको ११४ दिने छोटो शासनकाल (२३ फागुन १९५७-१२ साउन १९५८) मा खुलेका भाषा-पाठशालाको संख्याबारे नेपालको शैक्षिक एवं राजनीतिक इतिहास लेख्नेहरूले फरक-फरक तथ्याङ्क प्रस्तुत गरेका छन्। विभिन्न अध्ययन सामग्रीमा त्यस्तो तथ्याङ्कीय अन्तर २० देखि ३०० सम्म भेटिन्छ।** *(तालिका १)*

## पाठशाला स्थापनाको पृष्ठभूमि

ब्रिटिश-भारत अन्तर्गतको बडोदा राज्यका महाराज सयाजीराव गायकवाड तृतीय (सन् १८६३-१९३९) ले आफ्ना जनताका लागि गरेका शिक्षा सम्बन्धी गतिविधि र त्यसबापत उनले पाएको प्रशंसाबाट देवशमशेर प्रभावित थिए। सार्वजनिक शिक्षाको विस्तारमा महाराज सयाजीरावका कार्यबाट प्रेरित हुँदै उनले पनि नेपालको सत्तामा आउने बित्तिकै प्राथमिक शिक्षा विस्तारको घोषणा गरे। साथै, यसले 'मुलुकमा कस्तो प्रकारको शिक्षा उपयुक्त हुन्छ?' भन्ने बहसको सुरुआत गर्‍यो।

प्रधानमन्त्री देवशमशेरको शैक्षिक योजना अगाडि बढाउने कार्यमा साथ दिएका जयपृथ्वीबहादुर सिंह, हरिहर आचार्य दीक्षित, दिव्यदेव पन्त र दरबार स्कूलका हेडमास्टर वटुकृष्ण मैत्रीय (वटुबाबु) बीच शिक्षाको माध्यम भाषा बारे मतमतान्तर थिए। साना उमेरका केटाकेटीको पठनपाठन नेपाली भाषामा हुनुपर्ने पक्षमा सिंह र दीक्षित थिए। हिन्दुस्थानमा शिक्षाको प्रचार मूलतः अंग्रेजी भाषामा भइरहेकाले यहाँका केटाकेटीलाई पनि शुरुबाटै अंग्रेजीमा शिक्षा दिनुपर्छ भन्नेमा वटुबाबुको जोड थियो। दिव्यदेव पन्तको झुकाव संस्कृततर्फ देखिन्थ्यो।

शिक्षाको माध्यम भाषा नेपाली हुनुपर्छ भन्ने सिंह र दीक्षितको विचारमा देवशमशेर सहमत भएपछि नयाँ खोलिने पाठशालाको माध्यम भाषा नेपाली गराउने निर्णय भयो। यसरी नेपाली भाषालाई प्राथमिकता दिई पठनपाठन हुने हुँदा यी पाठशालाको नाम नै अन्ततः 'भाषा-पाठशाला' रहन गयो। स्मरण होस्, अहिले हामी जेलाई 'नेपाली भाषा' भन्छौं त्यतिबेला यो भाषा खस, पर्वते, पर्वतिया, गोर्खाली, गोर्खे इत्यादि विभिन्न नामले विभिन्न ठाउँमा चिनिन्थ्यो। साहित्य सिर्जनाको त कुरै छोडौं, पठनपाठनका लागि समेत नेपाली भाषा 'योग्य' मानिँदैनथ्यो। अभिजात वर्गको शिक्षाका लागि अंग्रेजी र पण्डित वर्गका लागि संस्कृत थियो।

यसरी देवशमशेरको छोटो शासनकाल– नेपालको शैक्षिक इतिहासमा एक महत्त्वपूर्ण यस्तो पानीढलो हो जसले पहिलो पटक कुलीन, सम्भ्रान्त र पण्डित-पुरोहित वर्गको एकाधिकार रहेका अंग्रेजी र संस्कृत शैक्षिक पद्धतिभन्दा फरक, सामान्यजनलाई केन्द्रमा राखेर नेपाली भाषामा शिक्षा दिने योजना अगाडि बढायो। योजना बने पनि पठनपाठनका लागि नेपाली भाषामा आवश्यक पाठ्यपुस्तक र नेपाली भाषामा पढाउन सक्ने शिक्षक पनि थिएनन्।

त्यसो त, देवशमशेर कमान्डर इन-चीफ रहेकै बखत उनी र जयपृथ्वीबहादुर सिंह बीच केटाकेटीलाई नेपालीमा पढाउने बारे प्रारम्भिक योजना बनेको थियो भन्ने केही सङ्केत पाउन सकिन्छ। आषाढ वदी १, १९५८ को गोरखापत्रमा प्रकाशित 'देश समाचार' शीर्षकको समाचार एउटा यस्तै उदाहरण हो। त्यो समाचारमा लेखिएको छ– *"श्री ३ महाराज देवशमशेर जंगबहादुर राणाबाट कमान्डर इन चिफ छँदैमा बझांगी राजालाई केटाकेटी पढाउन्या किताबहरू तरजुमा गर्नु भन्ने हुकुम बक्स्याको रहेछ; सो हुकुम बमोजिम निज बझांगी राजाले असल तवरसँग धेरै किताब तयार गरी श्री ३ महाराजका हजुरमा नजर गराउँदा राजा भै यत्रो मिहनत् गरि सर्कारलाई र दुनिञालाई पनि फाइदा हुने यस्तो किताब तयार गरेको हुनाले श्री ३ महाराज खुस भइबक्सियो; चाकरी गर्नु भन्या यही हो।"*

बझाडी राजा सिंहले नेपाली भाषामा केटाकेटीलाई पढाउनका लागि– *अक्षराङ्क शिक्षा, ज्ञानमाला, बालबोध*– जस्ता पुस्तक तयार गरेका थिए। नयाँ खोलिएका पाठशालामा यिनै पाठ्यपुस्तकको रूपमा निर्धारित गरिए। साथै, पाठशालामा भर्ना भएका केटाकेटीलाई लेख्नका लागि पाटी र *अक्षराङ्क शिक्षा* निःशुल्क वितरण गर्ने व्यवस्था गरियो।

शैक्षिक विस्तार लगायत देवशमशेरका उदारवादी कार्यहरू उनका 'रोलवाला' भाइहरूलाई मन परेको थिएन। फलस्वरूप, १९५८ असार ३१ गते दरबार स्कूलको वार्षिक पुरस्कार वितरण समारोहको कार्यक्रम सकी दरबार फर्कन लाग्दा उनी आफ्नै भाइभारदारबाट सत्ताच्युत गरिएर धनकुटा लखेटिए। चन्द्रशमशेरको सत्तारोहणसँगै 'रैती' लाई नेपाली भाषामा शिक्षा दिने भाषा-शिक्षा कार्यक्रम अलपत्र पर्‍यो। भाषा-शिक्षा परियोजनाका प्रमुख परिकल्पनाकार जयपृथ्वीबहादुर सिंहलाई प्रतिनिधि (वकिल) बनाएर कलकत्ता पठाइयो। अर्का सहयोगी हरिहर आचार्य दीक्षित नेपाल बस्न नसकी भारत (बम्बई) तर्फ पलायन भए। पाठशाला व्यवस्थापनको प्रमुख जिम्मेवारी सम्हालेका सुब्बा दिव्यदेव पन्त भदौ, १९५८ मा पजनीमा परे।

## भाषा पाठशालाबारे फरक-फरक तथ्याङ्क

नेपालको शैक्षिक इतिहास बारे चर्चा गर्दा बारम्बार उद्धृत गरिने सामग्रीमा बाबुराम आचार्यको *'नेपाली शिक्षाको इतिहास'* (२०१४) सम्बन्धी आलेख; तारामान सिंह स्वारको केही *शैक्षिक संस्मरण* (२०३७) र गोपीनाथ शर्माको *नेपालमा शिक्षाको इतिहास* (२०४३) पर्छन्। आचार्य नेपालमा पहिलो पुस्ताका मूर्धन्य इतिहासकार हुन्

**तालिका १ : देवशमशेरको शासनकालमा खोलिएका पाठशालाको संख्याबारे विभिन्न पुस्तक, लेख र प्रतिवेदनमा उल्लिखित तथ्याङ्क**

| लेखक | संख्या उद्धृत भएको कृति र प्रकाशन भएको वर्ष | पाठशाला संख्या/लेखकको टिप्पणी |
|---|---|---|
| इक्बल अली शाह | नेपालः द होम अफ द गड्स (पुस्तक, सन् १९३८) | ३० |
| कमलमणि दीक्षित | सर्वसम्मति (लेख, २०४१) | ३० |
| कृष्णराज अर्याल | एजुकेशन फर द डेभलपमेन्ट अफ नेपाल (पुस्तक, सन् १९७०) | १५० |
| सी. डब्ल्यू. रेभेनश | रिपोर्ट अन द मोरल एण्ड म्याट्रियल प्रोग्रेस अफ नेपाल ड्यूरिंग द यएर सन् १९०१-१९०२ (रिपोर्ट, सन् १९०२) | २० |
| गोपीनाथ शर्मा | नेपालमा शिक्षाको इतिहास (पुस्तक, २०४३) | ५७ (खुलेको हुनसक्ने अनुमान मात्र) |
| गोविन्द मास्के | सोसियल लाइफ इन नेपाल, सन् १९०१-१९२ (पुस्तक, १९९६) | ३७ ? (? राखी निश्चित हुन नसकेको) |
| घनश्याम रिजाल | हिस्ट्री अफ एजुकेशन इन नेपाल, सन् १८५१-१९५१ (विद्यावारिधि शोध, सन् १९८७ ) | ३५ |
| डिल्लीरमण रेग्मी | अ सेन्चुरी अफ फ्यामिली अटोक्रेसी इन नेपाल (पुस्तक, सन् १९५०) | ३०० भन्दा बढी |
| तारमान सिंह स्वार | केही शैक्षिक संस्मरण (पुस्तक, २०३७) | ३९ |
| त्रिरत्न मानन्धर | उदारवादी महाराज (पुस्तक, २०८२) | ५० भन्दा कम (संख्या निश्चित गर्न कठिन छ भनेको) |
| त्रैलोक्यनाथ उप्रेती | फानाइन्सिङ् इलिमेन्ट्री एजुकेशन इन नेपाल (पुस्तक, सन् १९५२) | १५० |
| धरम वीर | एजुकेशन एण्ड पोलिटी इन नेपाल (पुस्तक, सन् १९८८) | १५० |
| प्रकाश ए. राज | महाराज देव शमशेरको जीवनी (पुस्तक, २०७०) | ५० |
| प्रकृति अधिकारी | राणाकालीन शिक्षा (पुस्तक, २०७८) | ५० (पाठशालाको सूची समेत दिइएको) |
| बाबुराम आचार्य | नेपाली शिक्षाको इतिहास (लेख, २०१४) | काठमाडौं उपत्यकामा करिब ५० र बाहिर १०० भन्दा कम |
| विश्वबन्धु थापा र अरू | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट-२०१८ | काठमाडौं उपत्यकामा ५० र बाहिर करीब १०० |
| भवेश्वर पंगेनी | शिक्षाको इतिहास : कीर्तिपुर क्षेत्रको शैक्षिक इतिहास (पुस्तक, २०७३) | ३६ |
| भोलानाथ पौडेल | प्रमाण- प्रमेय : ७६ विषय-संख्या, २८ क्रमागत संख्या (इतिहास संशोधन, २०१९ (२०१२)) | २० देखि २५ सम्म |
| मार्था क्याडेल | एजुकेशन एण्ड चेन्ज : ए हिस्टेरिकल प्रस्पेक्टिभ् अन स्कूलिङ, डेभलपमेन्ट एण्ड द नेपाली नेसनस्टेट (लेख, सन् २००७) | २०० |
| रूद्रराज पाण्डे र अरू | राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन- २०११ (प्रतिवेदन, २०११) | ५७ |
| शरदचन्द्र शर्मा भट्टराई | खोजी अनि व्याख्या (पुस्तक, २०५६) | ३० |

तालिका स्रोत: सम्बन्धित लेख/पुस्तक/प्रतिवेदनमा आधारित।

भने स्वार र शर्मा शिक्षा मन्त्रालयमा लामो समय काम गरी निवृत्त भएका कर्मचारी। आचार्यले आफ्नो लेखमा देवशमशेरले खोलेका भाषा पाठशालाको संख्या काठमाडौं उपत्यकामा पुगनपुग ५० र काठमाडौं बाहिर समेत गरी 'एक सय भन्दा ज्यादा भएको होवैन' भनेका छन् *(पृ. १०)*। पाठशालाको संख्या लेखमा उद्धृत गर्दा आचार्यले कुनै पनि अभिलेख/स्रोतलाई 'रिफर' नगरेकाले उनले के आधारमा यस्तो लेखे भन्ने थाहा हुँदैन। स्वारले भने देवशमशेरले निश्चित यति पाठशाला खोलेका थिए भनी कुनै किटानी नगरी प्रधानमन्त्री भएका बखत '...पाठशालाको संख्या वृद्धि भै ३९ वटा पुग्यो' *(पृ. ९)* मात्र लेखे। शर्माले पनि स्वारले झैं देवशमशेरका पालामा '५७ ओटा पाठशाला खोलेको अनुमान छ' *(पृ.७५)* भनी लेखे। अर्थात् उनले पनि पाठशालाको संख्या तोकेनन्, अनुमान मात्रै गरे।

राणाकालीन शिक्षा बारे चर्चा गर्दा छुटाउनु नहुने अर्को लेख हो शरदचन्द्र शर्मा भट्टराईको *'राणाशासन-पूर्वार्द्धका केही शैक्षिक तथ्य'*।

नेपालको साहित्यिक इतिहासको गहिरो ज्ञान राख्ने भट्टराईको यो लेख उनकै अनुसन्धानपरक पुस्तक *खोजी अनि व्याख्या* (२०५६) मा समावेश छ। पाठशालाको संख्याबारे 'मतमतान्तर छ' भन्दै भट्टराईले सो लेखमा "देवशमशेरले ३० ओटा नयाँ पाठशाला खोलेको कुरा 'सर्वसम्मति' ले दर्शाउँछ" भनी लेखेका छन् *(पृ. २१३)*। एकल उद्धरण चिह्नभित्र रहेको यो सर्वसम्मति चैं *नेपाली त्रैमासिक* अङ्क ८९ मा प्रकाशित कमलमणि दीक्षितको अनुसन्धानमूलक लेखको शीर्षक हो। अर्थात् देवशमशेरले ३० ओटा नयाँ पाठशाला खोलेका थिए भन्ने दीक्षितको लेखमा उल्लिखित संख्यालाई नै भट्टराईले यहाँ साभार गरेका हुन्। तर, यो ३० को संख्या उल्लेख गर्ने उनीहरू पहिला व्यक्ति भने होइनन् जुद्धशमशेरकै शासनकालमा अफगानी मूलका भारतीय विद्वान् एवम् कूटनीतिज्ञ इक्बल अली शाहले आफ्नो पुस्तक *नेपाल: द होम अफ द गड्स* मा लेखिसकेका थिए।

त्यसैगरी, प्रकृति अधिकारीद्वारा लिखित *राणाकालीन शिक्षा* (२०७८) पुस्तकमा १९५८ वैशाख सुदी ७ रोज ५ को सनदबाट खोलिएका ३० र जेठ सुदी ५ रोज ५ को सनदबाट खोलिएका २० गरी ५० ओटा भाषा पाठशाला, ती पाठशालामा पढाउने शिक्षकहरूको नाम र उनीहरूको वार्षिक खान्कीको विवरण दिएका छन् *(पृ. १०९-११३)*। यी दुवै सूचीमा केही पाठशालाको नाम भने दोहोरिएको छ। सोही सूचीलाई विश्लेषण गर्दै इतिहासकार त्रिरत्न मानन्धरले आफ्नो पछिल्लो पुस्तक *उदारवादी महाराज* (२०८२) मा त्यतिबेला 'खुलेका विद्यालयको संख्या ५० भन्दा कम हुनसक्ने' टिप्पणी गरेका छन् *(पृ. ३४)*।

देवशमशेर प्रधानमन्त्री भएको करीब दुई महिनापछि टी.सी. पियर्स नेपालस्थित ब्रिटिश-रेजिडेन्सीमा नयाँ प्रतिनिधि भएर आएका थिए। मानन्धरका अनुसार टी.सी. पियर्ससँगको भेटमा देवशमशेरले ३५ वटा पाठशाला स्थापना गरेको जानकारी दिएका थिए। राष्ट्रिय अभिलेखालयमा संरक्षित एक दस्तावेजका आधारमा मानन्धरले यो तथ्य बाहिर ल्याएका हुन्। साथै, पाठशालाको यकिन संख्याबारे संशय गर्दै उनले पुस्तकमा थप लेखेका छन्- "त्यतिबेला के कति संख्यामा पाठशाला खोलिएका थिए भन्न कठिन छ।" मानन्धरले झैं, इतिहास विधामा काम गरेका घनश्याम रिजाल, भवेश्वर पंगेनी र गोविन्द मास्केले भने क्रमश: ३५, ३६ र ३७ ओटा पाठशाला देवशमशेरका शासनकालमा खुलेको हुनसक्ने जनाएका छन् (तालिका १)।

अंग्रेजी भाषामा लेख्नेहरूले चाहिं देवशमशेरद्वारा स्थापित पाठशालाको संख्याबारे भिन्नै तथ्याङ्क प्रस्तुत गरेको देखिन्छ। डिल्लीरमण रेग्मी, त्रैलोक्यनाथ उप्रेती र कृष्णराज अर्याल यसका उदाहरण हुन्। रेग्मी, उप्रेती र अर्याल तीनै जना अंग्रेजी र नेपाली भाषामा पकड राख्ने आफ्नो समयका प्रभावशाली व्यक्ति हुन् जसले २००७ सालपछि एक या अर्को हिसाबले नेपालको शैक्षिक प्रशासनको नेतृत्व गरेका थिए। उप्रेती र अर्यालका अनुसार देवशमशेरका पालामा खुलेका १५० ओटा स्कूल चन्द्रशमशेरले बन्द गरेका थिए। *अ सेन्चुरी अफ फ्यामिली अटोक्रेसी इन नेपाल* (सन् १९५०) पुस्तकमा रेग्मीले भने अझ अघि बढेर चन्द्रशमशेर सत्तारुढ हुने बित्तिकै यसअघि खुलेका करीब ३०० शिक्षण संस्था बन्द गरे भनी लेख्न पुगे *(पृ.१७७)*। तर, रेग्मीले कुन आधारमा ३०० शिक्षण संस्था चन्द्रशमशेरले बन्द गरेका थिए भनी पुस्तकमा लेखे, त्यो बुझ्न कठिन छ।

अधिकांश विदेशी अनुसन्धाताले त्यतिबेला खुलेका या बन्द भएका पाठशालाको संख्याबारे उप्रेती र अर्याललाई 'रिफर' गरेको देखिन्छ। भारतीय समाजशास्त्री धरमवीर यसका उदाहरण हुन्। तर, केही विदेशी अनुसन्धाताले भने अलिक फरक तथ्याङ्क समेत प्रस्तुत गरेका छन्। उदाहरणका लागि, शिक्षा, विकास र नेपाली राष्ट्र-राज्यको ऐतिहासिक पक्षबारे अनुसन्धान गरेकी मार्था क्याडेल (सन् २००७) ले एक अनुसन्धान लेखमा देवशमशेरले २०० ओटा स्कूल खोलेको कुरा लेखेकी छन्। त्यसो त, २००७ सालपछि विभिन्न समयमा राज्यबाट गठित शिक्षा आयोगका प्रतिवेदनमा समेत देवशमशेरका शासनकालमा खोलिएका पाठशालाको संख्यामा पनि एकरूपता देखिँदैन। उदाहरणका लागि, २०१० सालमा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा गठित पहिलो राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनमा देवशमशेरले ५७ वटा पाठशाला खडा गरेको कुरा परेको छ *(पृ. २६)*। त्यसको एकदशक नबित्दै विश्वबन्धु थापाको अध्यक्षतामा राज्यले गठन गरेको *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट-२०१८* मा देवशमशेरले काठमाडौं उपत्यकामा ५० र बाहिर करीब १०० ओटा विद्यालय खोले भनिएको छ *(पृ. ९)*।

केही ऐतिहासिक दस्तावेजले भने माथि चर्चा गरिएभन्दा कम पाठशाला त्यतिबेला खुलेका र सञ्चालनमा रहेका भनेका छन्। उदाहरणका लागि, नेपालका लागि तत्कालीन ब्रिटिश रेजिडेन्ट लेफ्टिनेन्ट-कर्नेल सी. डब्ल्यू. रेभेनशले २० जून १९०२ मा भारतीय विदेश मन्त्रालयमा पठाएको एक प्रतिवेदनलाई सही मान्ने हो भने देवशमशेरका पालामा जम्मा २० ओटा पाठशाला मात्र सञ्चालनमा थिए। सो प्रतिवेदनमा रेजिडेन्ट रेभेनशले लेखेका छन्- "नागरी र पार्वतीया भाषामा प्राथमिक शिक्षा दिने विद्यालयको संख्या २० बाट घटाएर १० मा ल्याइएको छ" *(पृ. १)*। पाठशालाको संख्याबारे यस्तो तथ्य पस्कने रेभेनश एक्ला होइनन्। २०१९ सालमा धनबज्र बज्राचार्यको सम्पादनमा प्रकाशित *इतिहास-संशोधनको प्रमाण-प्रमेय (भाग १)* मा संशोधन मण्डलका एक सदस्य भोलानाथ पौडेलले देवशमशेरको पालामा देशभर अशान्ति र अव्यवस्था फैलिएकाले चन्द्रशमशेरले शासन सम्हाले भन्ने अशुद्ध-भ्रामक विषयलाई संशोधन गर्ने क्रममा लेखेका छन्- "देवशमशेरले नेपाल चारभञ्ज्याङभित्र नै बीस-पच्चीस पाठशाला खोलेका थिए" *(पृ. २२३)*।

समग्रमा भन्दा बाबुराम आचार्य, त्रैलोक्यनाथ उप्रेती र कृष्णराज अर्याल आदिले १५० को हाराहारीमा भाषा पाठशाला खोलिएको कुरा लेखे पनि त्रिभुवन विश्वविद्यालय, इतिहास विभागमा कार्यरत प्राध्यापकले त्यो संख्या ३५ देखि ५० को बीच हुनसक्ने अनुमान गरेका छन्। र, ३० वा सोभन्दा कम पाठशाला त्यतिबेला खुलेका थिए भन्नेको संख्या पनि कम छैन।

भाषा शिक्षा कार्यक्रमका एक जना योजनाकार जयपृथ्वीबहादुर सिंहले जीवनभर लेख्ने, बोल्ने काम गरे तर भाषा पाठशालाको संख्या बारे उनले कतै लेखेको-बोलेको मैले पढ्न पाएको छैन। टी.सी. पियर्ससँगको भेटमा देवशमशेरले ३५ वटा पाठशाला स्थापना गरेको कुरालाई आधिकारिक मान्दै अहिलेका लागि बाँकी केही दर्जन पाठशाला खुल्ने क्रममा थिए भन्नु ठीक होला। तर, फेरि पनि प्रश्न उठ्छ– देवशमशेरले खोलेका पाठशालाको संख्या चैं खासमा कति हो?